# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौंडा, मकवानपुर, नेपाल

---

## बैठक - ४६

मितिः २०७७/०८/०४ गते बिहान ८:०० बजे

निर्णयहरुः

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेश, हेटौंडाको मिति २०७७/०७/०६ गते (SMP Plant) दुग्ध पाउडर प्लान्ट निर्माण तथा सञ्चालनको लागि टेन्डर प्रकाशनमा अनियमितता भएको भनि आभाष ट्रेड लिंक काठमाण्डौले उजुरी दर्ता गराएकोमा समितिको मिति २०७७/०८/०४ गतेको बैठकमा सो सम्बन्धमा प्रदेश दुग्ध विकास बोर्डको तर्फबाट निर्देशक डा. शरण कुमार पाण्डे, उजुरीकर्ता आभाष ट्रेड लिंकको तर्फबाट भूपेनद्रमान सिंह भण्डारी र प्रशासनिक विज्ञ मनोज यादवसहित छलफल हुँदा समितिलाई उक्त टेन्डर प्रक्रियाको सम्पूर्ण कागजात तीन दिनभित्र उपलब्ध गराउन र टेन्डरको म्याद १५ दिन थप गर्न निर्देशन दिने। साथै उक्त कागजातको अध्ययन गर्न माननीय सभापति श्री न्हुक्षे नारायण श्रेष्ठको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी एक अध्ययन कार्यदल गठन गर्ने।

तपसिलः

१ माननीय न्हुक्षे नारायण श्रेष्ठ
२ माननीय चन्द्र बहादुर लामा
३ माननीय जीवन डंगोल
४ माननीय प्रेम बहादुर तामाङ्ग
५ माननीय रमेश पौड्याल
६ माननीय विनोद कुमार खड्का
७ माननीय सीता अधिकारी

२. प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेश हेटौंडाले (SMP Plant) दुग्ध पाउडर प्लान्ट निर्माण तथा सञ्चालनको लागि मिति २०७७/०७/०६ गते गरेको टेन्डर प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्था विपरीत टेन्डर प्रकाशन गरी अनियमितता गर्न खोजेको भनी उजुरी पर्न आएकोले सो सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई समेत सत्यतथ्य छानविन गरी यस समितिलाई यथाशिघ्र जानकारी उपलब्ध गराउन निर्देशन दिने।

३. विविध सम्बन्धमा - सार्वजनिक लेखा समिति अन्तर्गत गठित प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिको कामकारवाही कोभिड-१९ का कारण सम्पन्न हुन नसकेकोले उक्त उपसमितिहरुको म्याद मिति २०७७ साल मंसिर मसान्तसम्म थप गर्ने।